# भूमे साप्ताहिक

वर्ष ५ अङ्क १३ २०८० असार २७ बुधबार




## सम्पादकीय

# लम्पी स्किनको महामारी रोक्न प्रभावकारी पहल गरौं

देशभर महामारीकै रुपमा फैलिएको लम्पी स्किन रोगबाट हजारौं पशु चौपायाको मृत्यु भइसकेको छ भने लाखौंको संख्यामा पशु चौपायाहरु संक्रमित भएका छन्। यसले नेपालको कृषि र विशेष गरी पशुपालन व्यवसायमाथि निकै ठूलो समस्या उत्पन्न भएको छ। विशेष गरी गाई, गोरुमा धेरै देखिएको लम्पी स्किन रोगले नेपालको कृषि अर्थतन्त्रमै ठूलो असर पु-याएको छ।

देशभर फैलिएको लम्पी स्किन रोगले रुकुम (पूर्व) र हाम्रो भूमे गाउँपालिका पनि अछुतो रहेको छैन। अहिलेसम्म भूमे गाउँपालिकाको पशु सेवा शाखामा आएको जानकारी अनुसार १९० बढी गाई भैंसी लम्पी स्किन रोगबाट मरिसकेका छन् भने ३ हजार बढी संक्रमित भएका छन्। यसले हाम्रो पालिकामा लम्पी स्किन रोगको भयावह अवस्था नै हो।

कृषि र पशुपालनमा आश्रित रहेका भूमेबासीलाई यो महामारीले ठूलो आर्थिक नोक्सानी पुर्याइरहेको छ। यसको रोकथाम गरी पशु चौपाया बचाउन र कृषि तथा पशुपालनबाट जिविका चलाइरहेका कृषकहरुको क्षति कम गर्न छिटो भन्दा छिटो पहलकदमी लिनुको विकल्प छैन। स्थानीय सरकारले सके आफै र सकिन्न भने प्रदेश र संघलाई हारगुहार गरेर, विशेष अभियान नै चलाएर लम्पी स्किन रोगविरुद्धको लडाई नै छेड्नु पर्दछ। विकास निर्माणका बजेटलाई रकमान्तर गरेर भए पनि तत्काल लम्पी स्किन रोग नियन्त्रण गरौं। अहिलेसम्म जे जति क्षति भयो, अब यो भन्दा बढी क्षति हुन नदिन प्रभावकारी कदम चाल्न ढिलाइ नगरौं। ❑


प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# अगुवा कृषकलाई गाउँपालिकाको सम्मान




**भूमे गाउँपालिकाले वडामा धेरै कृषि उपज उत्पादन गर्ने कृषकलाई उत्कृष्ट कृषकको रुपमा पुरस्कृत गरेको छ। पालिकाले हरेक वडाबाट एक/एक जनालाई सम्मान गरेको हो।**

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । भूमे गाउँपालिकाले अगुवा कृषकहरुलाई पुरस्कारसहित सम्मान गरेको छ। भूमे गाउँपालिकाको कृषि शाखाले व्यावसायिक रुपमा कृषि खेती गर्ने अगुवा किसानहरुलाई ध्यो सल्ला र नगदसहित सम्मान गरेको हो।

गाउँपालिकाका ९ वटै वडाका एक/एक जना उत्कृष्ट कृषकहरुलाई गत शुक्रबार एक कार्यक्रमको आयोजना गरी नगदसहित सम्मान गरिएको भूमे गाउँपालिका कृषि शाखा नायव प्राविधिक सहायक शिखर विश्वकर्माले जानकारी दिनुभयो। हरेक वडामा सबैभन्दा धेरै कृषि उपज उत्पादन गर्ने किसानहरुको छनोट गरी उत्कृष्ट ९ जनालाई नगद ६ हजार र प्रमाण पत्रसहित सम्मान गरिएको विश्वकर्माले बताउनु भयो।

यसरी पुरस्कृत हुने कृषकहरुमा तिर्खे एण्ड कर्मी स्याउ फर्म भूमे ९ चुनबाङका तिर्खे पुन, त्रिवेणी नर्सरी फर्म भूमे २ काँक्रीका घनराज पुन, सिमा खेत तरकारी खेती भूमे ३ सिमाका तिल बहादुर

रोका, अनुपम बहुउद्धेश्यीय फर्म भूमे ५ सेराबाङका मोहनसिंह पुन, आशा कृषि फर्म भूमे ६ महतका आश पुन, नवीन कृषि फर्म भूमे ७ का नवीन बुढा, हिमस्न बहुउद्धेश्यीय कृषि पशुपन्छी फर्म भूमे ८ भैसालोतेका ओम प्रकाश खड्का, अमर फलफूल नर्सरी फर्म भूमे ९ चुनबाङका अमर बहादुर पुन र उद्यमी कृषि तथा फलफूल फर्मलाई सम्मान गरिएको हो।

उत्कृष्ट कृषकहरुलाई बधाई ज्ञापन गर्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले भूमे गाउँपालिकालाई अर्गानिक कृषि उत्पादनको हव बनाउन सबैले योगदान गर्नुपर्ने बताउनु भयो। गाउँपालिकाले कृषितर्फ आकर्षण बढाउन पुरस्कार र सम्मान गर्ने परिपाटी बसालेको भन्दै अध्यक्ष श्रेष्ठले कृषि खेतीबाट आत्मनिर्भर बन्न लाग्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढाले कृषि कर्म नै नेपालीको जिविकोपार्जनको आधार भएको चर्चा गर्दै उन्नत र अर्गानिक कृषि खेतीतर्फ सबैले चासो राख्नुपर्ने बताउनु भयो।

कार्यक्रममा उत्कृष्ट कृषकको रुपमा पुरस्कृत सम्मान ग्रहण गरिसकेपछि भूमे ५ सेराबाङका कृषक मोहनसिंह पुनले गाउँपालिकाको प्राविधिक सहयोग तथा प्रोत्साहनले कृषि क्षेत्रमा लाग्न प्रेरित गरिरहेको बताउनु भयो।

'मैले तालिम नलिएरै कृषिको काम गरिरहेको थिएँ, उहाँले भन्नुभयो, 'तरकारी र किवी खेतीले मेरो राम्रो आम्दानी भएको छ। आज पुरस्कृत हुँदा निकै खुसी भएको छु। यसरी नै गाउँपालिकाको साथ र सहयोग हुनेछ भन्ने विश्वास छ।'

# भूमेमा पालिकास्तरीय शिक्षक महासंघ गठन

रुकुम (पूर्व) । होमजङ्ग राना मगरको नेतृत्वमा भूमे गाउँपालिकास्तरीय नेपाल शिक्षक महासंघ गठन गरिएको छ। महासंघको सह-अध्यक्षमा फर्कबहादुर पुन, उपाध्यक्षमा लोकप्रसाद शर्मा र प्रेमा बुढा, सचिवमा उत्तम बस्नेत, सहसचिवमा केशरमान खड्का, महिला सहसचिवमा लक्ष्मी शर्मा रहनुभएको छ।
त्यसैगरी सदस्यहरुमा मदन आचार्य, दुर्गा गौतम, बसन्त पुन, तिलक आचार्य, प्रकाश ओली, जानकी बुढा, किरण शर्मा, रामलाल बुढा, कल्पना पुन, तिलक कँवर र लक्ष्मी खड्का रहनुभएको छ।

नवनिर्वाचित अध्यक्ष होमजङ्ग रानामगरले शिक्षकका पेशागत मुद्दाहरुसँगै शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यार्थी, शिक्षक र अभिभावकहरुसँग सहकार्य गर्ने बताउनु भयो। आधुनिक शिक्षण प्रविधिलाई कक्षाकोठामा पु-याउने, शिक्षकको पेशागत र शैक्षिक समस्यालाई समाधान गर्न पहल गर्ने, शैक्षिक अक्षयकोष स्थापना गर्ने र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि महासंघले काम गर्ने रानाले बताउनु भयो। स्थानीय सरकार, विद्यार्थी, अभिभावक तथा शैक्षिक सरोकारवाला निकायसँग छलफल, अन्तरक्रिया गर्ने पनि उहाँको भनाइ छ।

# राडीपाखीको बजारीकरणमा समस्या




❖ **निराजन सिर्पाली**

विविधताको धनी देश नेपाल बहुजाति, बहुभाषा, बहुधर्म र बहुसंस्कृतिले भरिएको छ। यही विविधिताभित्र कला, संस्कृति र आफ्नै परम्परागत सीप र कलाले धनी मगर समुदायको छुट्टै पहिचान रहेको छ। पछिल्लो समय सीप हस्तान्तरण र पुस्तान्तरण नहुँदा मगर समुदायमा रहेका परम्परागत सीप, कला र संस्कृति लोप हुने खतरा पनि बढ्दै गएको छ।

रुकुम (पूर्व) मा रहेका मगर समुदायको परम्परागत पेसा भेडापालन हो भने भेडाको उनबाट राडीपाखी बुन्ने पेसा विशिष्ट सीप हो। इतिहास हेर्ने हो भने भेडापालनमा आधारित राडीपाखी बुनाई मगर समुदायको महत्वपूर्ण पेसा र सीपको रुपमा चिनिन्छ। विडम्बना समय सान्दर्भिक उत्पादन, लागत अनुसारको उचित मुल्यसहित बजारीकरण नहुँदा यो पेसा र सीप लोप हुने अवस्थामा पुगेको छ।

राडीपाखी बुन्ने पुख्यौंली पेसा र सीप ओझेलमा परिरहेको बेला यूएमएन र पुथाउत्तरगंगा गाउँपालिकाको आर्थिक सहयोग र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र, रुकुम र मेडपाको आयोजनामा १ महिने राडीपाखी विविधिकरण तालिम पुथाउत्तरगंगा गाउँपालिका वडा नम्बर ११ उपल्लो सेरामा सम्पन्न गरिएको छ।


तालिममा ४० जना महिलाहरु सहभागी भएका थिए। उनीहरुले १ महिनामा करिबन ६० थान जति कोष र अक्षरको डिजाइनमा डबल र सिंगल

२ देखि ७ पाटेसम्मको साइजमा राडीपाखीहरु निर्माण भएका छन्। उक्त राडीपाखीमा Welcome Taksera, East Rukum, Upplosera and I have Nepal लगायतका अक्षर लेखेर निर्माण गरिएको छ।

एकता कृषक महिला समूहले विभिन्न डिजाइनमा राडीपाखी निर्माण गरिरहेका छन् तर अहिले पनि उनीहरुले उत्पादन र लागतअनुसारको उचित मूल्यसहितको बजारीकरण पाउन सकिरहेका छैनन्। तालिममा सहभागी सुनपुरा बुढाले भन्नुभयो, "आगामी दिनमा यस राडीपाखी पेसालाई पुस्तान्तरण र रुपान्तरण गर्न हामी समूहमार्फत् निरन्तर उत्पादन गर्ने छौं। दुःखको कुरा हामी उत्पादन त गर्छौं तर अहिले पनि बजारीकरणको लागि पर्याप्त ठाउँ नहुँदा चिन्तित बनेका छौं। बजारीकरणको लागि सरोकारवालाबाट पहल तथा अपेक्षा गरेका छौं।

स्थानीय सरकार, संघ र प्रदेश सरकारले स्थानीय उत्पादन तथा कच्चा पदार्थबाट बन्ने चिज वस्तु र सीप कलालाई प्राथमिकतामा राखेको भन्ने गरे पनि गाउँबस्तीमा उत्पादित तरकारी, वस्तुहरुले बजार नपाएको उदाहरण प्रशस्तै छन्।

स्थानीय उत्पादनमूलक चिज वस्तु उत्पादन गर मात्रै भन्नुभन्दा सरकारले उत्पादन भएका चिज वस्तुहरुलाई संरक्षण तथा बजारीकरणको ग्यारेन्टी तथा बजार व्यवस्थापनलाई ध्यान दिए मात्रै स्थानीय उत्पादकत्वले प्राथमिकता छन्।



# विद्युत सुविधा नहुँदा लालटिन र भाङको भर




❖ **बालाराम शेर्पाली**

अहिलेसम्म पनि भूमे गाउँपालिकाकै केही गाउँबस्तीमा विद्युत सुविधा पुगेको छैन भन्ने सुन्दा जो कसैलाई अनौठो लाग्न सक्छ। यथार्थ यस्तै छ- गाउँपालिकै वडा नं. ८ का पोखरापाटा, नाम्पु, ताम्दै, भलाबोटका बासिन्दा अझैं पनि अन्धकारमै बस्न विवश छन्।

सबैतिर विद्युत सेवा विस्तार भइसक्दा पनि आफ्नो बस्ती अन्धकारमै बस्नुपर्दा निकै पीडा हुने गरेको भूमे ८ का युवा जयराम बुढाले बताउनु भयो। “सबैतिर विजुली पुगिसक्यो, हाम्रो गाउँमा कहिले आइपुग्ला?”, जयराम बुढा भन्नुहुन्छ, “बाउबाजेले टुकी, लालटिन बालेर जिन्दगी बिताउनु भयो, हामीले भाङ बालेर अँध्यारो भगाउँछौं। हाम्रो यस्तो पीर व्यथा कसले बुझिदिन्छ?”

भूमे गाउँपालिका पर्यटकीय गन्तव्य, खानी, मौलिक संस्कृति लगायतका कारणले सबैतिर चर्चित छ।स्थानीय सरकार भई सिंहदरबारको अधिकार गाउँसम्म आएको पनि ६ वर्ष पूरा भइसकेको छ। तर वडा नं ८ का बासिन्दालाई विजुलीको समस्या नै मुख्य समस्या बनेको छ।

आफ्नो वडामा भएको ढुङ्गे खानीले सबैतिर गाउँ ठाउँको चर्चा भए पनि विद्युत नहुँदा स्थानीयबासी अन्धकारमा बस्न बाध्य भएको जयनारायण पुन बताउनु हुन्छ। “हाम्रो वडा विकासका लागि राम्रो सम्भावना भएको ठाउँ हो। यहाँको ढुङ्गा खानीले



समयमा स्याहार्न मुस्किल भएको छ। सौर्य उर्जाको माध्यमबाट सोलार बालेर गुजारा चलाएको थियौं," भलाबोटकी फोमली बुढा मगरले भन्नुभयो, "बर्षात सुरु भएसँगै सोलार पनि बल्दैन। मट्टितेलवाला टुकीको भरमा गुजारा चलाउनु परेको छ।"

गर्दा रुकुम पूर्व, छिमेकी जिल्ला रोल्पा र रुकुम पश्चिमसम्म हाम्रो गाउँबस्तीको चर्चा हुन्छ", स्थानीय युवा जयनारायण पुन भन्नुहुन्छ, "तर हामीलाई विद्युतको कारण निकै समस्या रहेको छ। हामी इन्टरनेटको जमानाका कुरा गर्छौं तर गाउँमा मोबाइल चार्ज गर्ने विद्युतको सुविधा छैन।" विद्युत नहुँदा सामाजिक सञ्जालदेखि सूचना प्रविधिको सबै सेवाबाट टाढा रहेको भन्दै पुनले विद्यालय पढ्ने बालबालिकाहरु बिहान बेलुका पढ्नलाई समेत समस्या भएको उहाँले बताउनु भयो। हात हातमा मोबाइल भए पनि त्यसको उपयोग गर्न समस्या भएको पुनको भनाइ छ।

विद्युत नहुँदा उज्यालोको अभाव पूर्ति गर्न सोलारले केही समस्या समाधान हुने गरेकोमा वर्षा लागेसँगै त्यसले पनि काम नगर्ने भूमे ८ भलाबोटकी फोमली बुढा मगरले बताउनु भयो। "साँझ बिहान खाना पकाउन, गाई वस्तु कुखुरा चल्ला साँझको

विद्युत विस्तारका लागि सबैतिर पहल गरेको भए पनि अहिलेसम्म समस्या समाधान हुन नसकेको बुढाको भनाइ छ।

भूमे गाउँपालिकाको वडा नं. ८ मा विद्युत विस्तारका लागि दोमहीबाट विद्युत लाइन तान्ने काम भइरहेको र त्यसका लागि पोल गाडिसकिएको नेपाल विद्युत प्राधिकरण रुकुम (पूर्व) का सूचना अधिकारी तेजप्रकाश पुनले बताउनु भयो।

"दोमहीदेखि ११ केभीए विद्युत लाइन तान्ने काम भइरहेको छ। केही ठाउँमा पोल पनि गाडिसकिएको छ", सूचना अधिकारी तेजप्रकाश पुनले भन्नुभयो, "सडक अवरुद्ध हुँदा सामान समयमै पु-याउन नसक्दा केही ढिला भएको हो। लाइन तानेपछि ट्रान्सफर्मर राखेर विजुली वितरण हुन्छ। सम्भवत: दसैंअघि नै वडा नं. ८ मा विद्युत विस्तार हुनेछ।"

# कृषि-पशुपन्छी कार्यालयका आयोजनाको अनुगमन

❖ बालाराम शेर्पाली



रुकुम (पूर्व) । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले आ.ब. २०७९/८० मा भूमे गाउँपालिकामा सम्पन्न गरेका विकास आयोजनाको अनुगमन गरिएको छ। बार्षिक स्वीकृत कार्यक्रम अनुसार तेस्रो चौमासिक अवधिमा सम्पन्न आयोजनाहरुको संयुक्त अनुगमन गरिएको हो।

कार्यालयले भूमे गाउँपालिका वडा नम्बर ४ साकिमको कृषक समुह, भूमे १ लुकुमको बहुउद्धेश्यीय कृषक समुह, वडा नम्बर ३ बङ्गर ब्लक समन्वय समिति कार्यक्रम, वडा नम्बर ६ आलु भन्डारणको लागि स्टोर निर्माण, त्यस्तै ७ नम्बर वडाको छेल्ला फाल्ने धर्मशाला र ७ नम्बर वडाकै गुनाम बहुउद्धेश्यीय कृषक समुहको अनुगमन गरिएको हो।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम पूर्वको आर्थिक तथा प्राविधिक सहयोगमा भूमेका ६ वटा वडाहरुमा अनुगमन गरिएको कार्यालय प्रमुख पिताम्बर बस्नेतले जानकारी दिनुभयो।

**अनुगमन**मा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्मा, भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढा, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्रमुख पिताम्बर बस्नेत, जिल्ला समन्वय अधिकारी रविन्द्र बुढा क्षत्री, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कार्यान्वयन एकाई प्रमुख मित्रलाल पौडेल, सिँचाई तथा जलस्रोत सव-डिभिजन कार्यालय प्रमुख योगेन्द्र महतो, डिभिजन वन कार्यालय प्रमुख जितेन्द्रसिंह खड्का, घरेलु तथा साना उद्योग कार्यालय प्रमुख मधुकर डाँगी, कृषि विकास बैंक प्रबन्धक शिवशंकर गिरी रहनुभएको थियो।

त्यसैगरी राष्ट्रिय अनुसन्धान जिल्ला शाखा रुकुमका वरिष्ठ अनुसन्धान सहायक रमेश कुमार राई, यूएमएन रुकुम पूर्व क्लष्टर टिम लिडर शिवप्रसाद अधिकारी, गैर सरकारी संघका अध्यक्ष लिलामणि गौतम, उद्योग वाणिज्य संघका अध्यक्ष केबेन्द्र गौतम, जिल्ला सहकारी संघका अध्यक्ष वसन्त श्रेष्ठ, पत्रकार महासंघ रुकुम पूर्व शाखा अध्यक्ष मैत्या घर्ती, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका अधिकृत खिमबहादुर रोकाय, पशु चिकित्सक विजेता थापा, सव-इञ्जिनियर कमल पोखरेल, भूमे पशुपन्छी शाखा प्रमुख नारायण ओली, कृषि शाखाका विशाल पुन मगर लगायतको सहभागिता रहेको थियो।

# अर्गानिक कृषि र पशुपालनका लागि रुकुम (पूर्व) मा राम्रो सम्भावना छ



**पिताम्बर बस्नेत**
प्रमुख, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पूर्व)

**तपाई कहिलेदेखि एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको प्रमुखमा रहनुभएको छ?**

मैले २०७८ कार्तिक ३ गतेदेखि एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पूर्व) को प्रमुखको जिम्मेवारीमा रहेर अहिलेसम्म काम गरिरहेको छु।

रुकुम (पूर्व)मा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था गर्ने, बाली/वस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्थाजस्ता कृषि कृयाकलाप मार्फत् कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पनि रहेको छ।

**रुकुम (पूर्व) लाई अर्गानिक जिल्ला घोषणा गरेपछि कृषि क्षेत्रमा कस्तो उपलब्धि देखिएको छ?**

हामीले यस एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको स्थापनासँगै आ.व. २०७७।७८ मा यस रुकुम (पूर्व) लाई अर्गानिक अर्थात् प्राङ्गारिक जिल्ला घोषणा गरेका हौं। घोषणापश्चात् कृषि तथा पशुपन्छी विकासका कार्यक्रमहरु सो अनुसार अगाडि बढाएका छौं।

सिस्ने र भूमे गाउँपालिकामा २ वटा प्राङ्गारिक मल उद्योग स्थापना भएर मल उत्पादनको क्रममा छन्। सिस्नेमा मल उत्पादन प्रदर्शनी भएर अब मल उत्पादन छिट्टै हुने तयारी छ भने भूमेमा पनि छिट्टै मल उत्पादन शुरु हुनेछ।

कृषक स्तरमा ३ वटै तहमा रहेका कृषि तथा पशुपन्छी विकास कार्यक्रमबाट प्राङ्गारिक उत्पादनलाई प्रवर्द्धन हुने खालका कार्यक्रमहरु जस्तै, भकारो सुधार कार्यक्रम, गोठ सुधार कार्यक्रम, प्राङ्गारिक मल तथा जैविक विषादी वितरण कार्यक्रम सञ्चालन भइरहेका छन्।

यस वर्ष हाम्रो कार्यालय तथा भूमे गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा मारिङ बहुउद्देश्यीय सहकारी संस्था, खाबाङ बगरमा जैविक विषादी (ट्राइकोडर्मा) उत्पादन कार्यक्रम सञ्चालन भएको छ। यसबाट बालीनालीमा देखिने

ढुसीजन्य रोगहरु नियन्त्रणका लागि ढुसीजन्य जैविक विषादी ट्राइकोडर्मा प्रयोग गरिने छ।

त्यसैगरी अर्गानिक अर्थात् प्राङ्गारिक उत्पादनको प्रचार प्रसारका लागि जनचेतनामुखी कार्यक्रम, तालिम, गोष्ठी सञ्चालन भएका छन्। कृषक स्तरमा प्राङ्गारिक उत्पादन गर्नुपर्छ भन्ने चेतनाको विकास भएको छ। ३ वटै तहको सहकार्यमा प्राङ्गारिक उत्पादनलाई प्रवर्द्धन गर्ने खालका कार्यक्रमको तयारी तथा सञ्चालन गर्ने सहमति भएको छ।तत्अनुसार कार्यक्रम कार्यान्वयन पनि भएका छन्।

**रुकुम (पूर्व)मा कुन कुन बाली उत्पादन हुने गर्दछ?**

रुकुम (पूर्व) जिल्लामा खाद्यान्न बालीमा मुख्य रुपमा मकै, गहुँ, धान, जौ, दलहन बालीमा सिमी, बोडी, भटमास, तेलहन बालीमा तोरी, आलु एवं बालीमा हिउदे र वर्षे आलु, तरकारी बालीमा काउली, बन्दा, रायो, मुला, केराउ, टमाटर, गाजर, भिन्डी आदि उत्पादन हुने गरेको छ। त्यसैगरी मसला बालीमा प्याज, लसुन, अदुवा, बेसार, फलफूल बालीमा स्याउ, ओखर, सुन्तला, कागती, अम्बा आदिको राम्रो उत्पादन तथा बिक्री वितरण भइरहेका छन्।

**कृषकले उत्पादन गरेको अन्न बाली, फलफूल, तरकारी लगायतका वस्तुको बजार कस्तो रहेको छ नि?**

हाम्रो यहाँको उत्पादन परम्परागत खालको र भर्खर भर्खर व्यावसायिक रुपमा उत्पादन शुरु भएको अवस्था छ। मसला बालीमा मुख्य रुपमा लसुनको व्यावसायिक उत्पादन भूमेको चुनबाङमा छ। यस वर्ष मात्र लगभग ४०० क्वीन्टल लसुन बिक्री वितरण भएको छ। यसैगरी यहाँ प्रशस्त वर्षे आलु उत्पादन हुने गर्दछ। वर्षातमा उत्पादन हुने र यस समयमा गाउँघरका बाटोघाटो बन्द हुने भएकाले सहज विक्री वितरणमा कठिनाइ छ भने बाटो सहज भएका ठाउँमा भने वर्षे आलुको विक्री वितरण भइरहेको अवस्था छ।

यसैगरी सिस्नेको स्यालापाखामा प्रशस्त सुन्तला उत्पादन हुने गर्दछ। उचित व्यवस्थापनको कमीका कारण सुन्तलाको फल केही सानो हुने भएकाले बाहिरी जिल्लामा निकासी गर्न भने कठिनाइ रहेको छ। जिल्लामै बिक्री वितरण भने भइरहेको अवस्था छ। त्यस्तै पुथाउत्तरगङ्गा गाउँपालिकाको पेल्मामा प्रशस्त स्याउ उत्पादन हुने गर्दछ तर बाटोको सुविधा नभएकाले स्याउको उचित बजारीकरण हुन सकेको छैन्।

यस जिल्लाको मुख्य रुपमा सिमी, भटमास, भाङ्गोको बाहिरी जिल्लामा अत्यधिक माग र बिक्री वितरण सहज रुपमा भइरहेको अवस्था छ। माग अनुसारको उत्पादन अत्यधिक कम छ। भूमे गाउँपालिकामा मारिङ बहुउद्देश्यीय सहकारी संस्थाबाट मारिङ सहकारी बजार शुरु गरिएको छ।यहाँबाट कृषकहरुले उत्पादन गरेका कृषिजन्य वस्तुहरुको सहज रुपमा विक्री वितरण भइरहेको छ। यसैगरी अन्य पालिकाहरुमा पनि सहकारी बजारको शुरुवात गर्न जरुरी छ। यसबाट कृषि उत्पादनको सहज बिक्री वितरण हुन्छ भने कृषकहरुले पनि उचित मुल्य प्राप्त गर्दछन् भने

उपभोक्ताले पनि उचित मुल्यमा प्राङ्गारिक वस्तु खरिद गर्न पाउँछन्।

**तपाईंको कार्यालयले भूमे गाउँपालिकाभित्र के कस्ता कामहरु गरिरहेको छ?**

भूमे गाउँपालिकामा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पूर्व)ले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ। जसमा चुनबाङ क्षेत्रमा लसुन प्याज प्रवर्द्धन कार्यक्रम, भूमे गाउँपालिका वडा नं १, २ र ३ मा बङ्गुर ब्लक कार्यक्रम, बङ्गुर प्रवर्द्धन कार्यक्रम, बाख्रा प्रवर्द्धन कार्यक्रम, वर्षे आलु क्षेत्र विस्तार कार्यक्रम सञ्चालनमा रहेका छन्।

**उन्नत कृषि प्रविधिको प्रसारबाट कृषि तथा पशुजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि र कृषकहरुको आर्थिक स्तर कस्तो रहेको छ?**

रुकुम (पूर्व) कान्छो र लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला भएकाले यहाँ फलफूल र पशुपालन क्षेत्र राम्रो रहेको साथै विस्तारै व्यावसायिक हुदै गएको अवस्था छ। ३ वटै तहबाट कृषि तथा पशुपन्छी विकासका लागि समन्वय तथा सहकार्यमा कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन्। यसबाट राम्रो प्रतिफल देखिएको छ। कृषकले कृषि तथा पशुपन्छी उत्पादन विक्री वितरण गरेर राम्रो आयआर्जन गरिरहेका छन्।

**रुकुम (पूर्व) का तिन वटै गाउँपालिका चिस्यान केन्द्र छन् कि छैनन्?**

हाल ३ वटै गाउँपालिकामा चिस्यान केन्द्र छैनन्। सिस्ने गाउँपालिकामा चिस्यान केन्द्र निर्माण भइरहेको छ। छिट्टै तयार भएर सञ्चालनमा आउनेछ। यस बर्ष हाम्रो कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा भूमे गाउँपालिका वडा नं ६ महतमा आलुको बिउ भन्डारणका लागि १० मेट्रिक टन क्षमताको रष्टिर स्टोर कोइचा पर्वतीय साना किसान सहकारी संस्थासँगको साझेदारीमा निर्माण भएको छ।

**शिविर सञ्चालन र कृषि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुभएको छ कि छैन?**

यस वर्ष हामीले जिल्लाका सबै पालिकाका दुर्गम तथा सेवा नपुगेका ३ ठाउँमा एकीकृत कृषि तथा पशुपन्छीतर्फ घुम्ती शिविर सञ्चालन गरेका छौं।

**मैले सोध्न छुटेको र तपाईंको कार्यालयबाट कृषकहरुलाई भन्नै पर्ने थप केही थियो कि?**

रुकुम (पूर्व) अर्गानिक कृषि/प्राङ्गारिक उत्पादन, पशुपालन, फलफूल उत्पादनका लागि अत्यन्त सम्भावना भएको जिल्ला हो। यहाँको उत्पादन अर्गानिक छ, प्राङ्गारिक छ तर उत्पादन कम छ।अब हाम्रो उत्पादन बढाउनका लागि व्यावसायिक सोच र लगानी गरेर उत्पादन बढाई प्राङ्गारिक प्रमाणीकरण गरेर लोगोसहित बजारमा ल्याउन जरुरी छ। यसका लागि ३ वटै तहबाट सकारात्मक सहयोग भइरहेको छ। यसतर्फ हामी अगाडि बढेका छौं, पक्कै सफल हुनेछौं। कृषि र पशुपन्छीतर्फ व्यावसायिक सोच भएका कृषक दाजुभाई दिदीबहिनीहरुलाई एकीकृत कृषि तथा पशुपन्छी कार्यालय, रुकुमकोटमा सम्पर्क गर्न अनुरोध गर्दछु। हामी सहयोग र सहजीकरण गर्न हरपल तयार छौं।जय कृषि, जय पशु धन।

## लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. विसं २०८० मा प्रदान गरिने युगकवि सिद्धिचरण पुरस्कारबाट सम्मानित हुने व्यक्तित्व को हुन्?**

≅ डा. जयराज आचार्य (पुरस्कार राशि : रु. १ लाख) भाषा, साहित्य र कूटनीतिको क्षेत्रमा योगदान पु-याएबापत सो पुरस्कार प्रदान गरिएको हो।)

**२. आर्थिक सर्वेक्षण २०७९/८० अनुसार २०७९ फागुनसम्म विद्युत्को पहुँच पुगेको जनसङ्ख्या कति प्रतिशत रहेको छ ?**

≅ ९५ प्रतिशत (हालसम्म जडित विद्युत् क्षमता २०७९ असारको तुलनामा २१.७ प्रतिशत बढेर दुई हजार ६६६ मेगावाट पुगेको।)

**३. आर्थिक सर्वेक्षण २०७९/८० अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कति प्रतिशत रहेको छ ?**

≅ १५.१ प्रतिशत (त्यस्तै बहुआयामिक गरिबीको रेखामुनि १७.४ प्रतिशत जनसङ्ख्या रहेको । बहुआयामिक गरिबी ग्रामीण क्षेत्रमा २८ प्रतिशत र सहरी क्षेत्रमा १२.३ प्रतिशत रहेको । प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णालीमा ३९.५ प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबीमा छ भने सबैभन्दा कम बागमतीमा मात्र ७ प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबीमा रहेको।)

**४. बैङ्किङ प्रविधि क्षेत्रको प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार इन्फोसिस फिनाकल इनोभेसन अवार्ड-२०२३ बाट सम्मानित हुने नेपाली बैङ्क कुन हो ?**

≅ ग्लोबल आइएमई बैङ्क

– नवीनतम ग्राहक केन्द्रित आविष्कारहरूको सर्जक बैङ्कहरूलाई प्राविधिक रूपान्तरण, यसको सही प्रयोग तथा टेक्नोलोजीमा सृजनशीलता जस्ता तथ्यलाई आधार मानी यो अवार्ड प्रदान गर्ने गरिएको।

– डिजिटल ट्रान्सफर्मेसन, टेक्नोलोजीमा नवीनता एवं उत्कृष्टता र यसको सही सदुपयोग गर्दै उत्तरदायी तथा सुरक्षित बैङ्किङमार्फत सेवा प्रवाह गरेबापत अवार्ड प्रदान गरिएको जनाइएको ।

**५. पहिलो पल्ट गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय सङ्गीत सम्मान कसलाई प्रदान गरियो ?**

≅ गीतकार किरण खरेल

– त्यसै गरी ताराबीरसिंह तुलाधरलाई प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय वाद्यवादन सम्मान एवं गायिका मिलन नेवारलाई प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय युवा सङ्गीत पुरस्कार प्रदान गरिएको छ ।

– गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठानले पहिलो पटक अमर गायक प्रेमध्वज प्रधानको स्मरणमा गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय सम्मान तथा पुरस्कार प्रदान गरेको हो ।

**६. सरकारले विसं २०८० जेठमा कतिवटा हिमचुचुरालाई आरोहणका लागि खुला गरेको छ ?**

≅ पाँच वटा (योसँगै आरोहणका लागि खुला चुचुराको सङ्ख्या ४२० पुगेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सिन्धुपाल्चोक जिल्लामा अवस्थित जुगल हिमशृङ्खलामा पर्ने पाँच वटा चुचुरा आरोहणका लागि खुला भएका छन्।)

*संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# नेपालमा भेडापालनका व्यवसायको महत्व



**नारायण ओली**

## १. भेडाको उत्पत्ति तथा भेडापालनको शुरुवात

पूर्व ऐतिहासिक जंगली भेडा एसिया, अफ्रिका, युरोप र अमेरिकामा रहेको आधार हरु पाइन्छ । यी भेडालाई ७ जात तर ४० उपजातमा वर्गीकरण गरिएको छ। यसमध्ये प्रमुख ३ जंगली भेडाका जातहरु दक्षिण पश्चिम एशियामा पाइने युराल भेडा, मध्यएसियाको हिमालय क्षेत्रमा पाइने अर्गली भेडा र युरोप तथा एसिया माइनोरमा पाइने मोवफ्लन भेडाबाट घरपालुवा भेडाको विकास भएको पाइन्छ। जंगली मोवफ्लन भेडा र घरपालुवा भेडाको क्रसबाट घुमाउरो सिङ भएको भेडाको भएको हो।

करिब १२ हजार बर्ष अगाडि घुमन्ते मानिस र जंगली भेडाबीच सम्बन्ध जोडिएको पाइन्छ। ढुङ्गे युगको मानिसलाई बाँच्नको लागि भेडा प्रकृतिको प्रमुख उपहार सावित भएको थियो। एउटै जनावरबाट खानाका लागि मासु र चिसोबाट बच्न ऊन उपलब्ध हुँदा मानिस र भेडाको सम्बन्ध प्रगाढ बन्दै गएको पाइन्छ। मानिसले कुकुरपछि बाख्रा र भेडालाई घर पालुवा जनावरको रुपमा पाल्न शुरु गरेको इतिहास भेटिन्छ। ऊन र ऊनजन्य कपडाको प्रयोग ऋग्वेग र महाभारतमा समेत उल्लेख छ।

## २. नेपालमा भेडा विकासका प्रयासहरु

□ वि.स. २००१ सालमा मकवानपुरको चित्लाङमा स्थापना भएको भेडा विकास फर्मबाट नेपालमा औपचारिक रुपमा भेडा विकासको प्रारम्भ भएको पाइन्छ।



 सन् १९६० सालमा न्युजिल्याण्ड प्रोजेक्टको सहयोगमा पोखरामा स्थापना भएको भेडा विकास फर्ममा शुरुका बर्षहरुमा स्थानीय बरुवाल र उन्नत जातको पालवर्थ भेडाको क्रस गराई वर्णशंकर उत्पादन गर्ने प्रयास गरियो तर बरुवाल भेडा पोखराको हावापानीमा फष्टाउन नसकेपछि लगत्तै कागे भेडामा क्रस ब्रिडिङ शुरु गरियो।
 आ.व. २०२४/२५ मा नुवाकोटको पानसय खोलामा राणकालीन गाई गोठलाई भेडा विकास फर्मको रुपमा रुपान्तरण गरियो।
 आ.व. २०७३/७४ देखि केन्द्रीय भेडा बाख्रा प्रवद्र्धन कार्यालयले ताप्लेजुङ, सङ्खुवासभा, गोरखा, म्याग्दी र लमजुङमा भेडाको श्रोत विकास कार्यक्रम गरिरहेको छ।

## ३. सम्भावना

नेपालमा थुप्रै सम्भावना हुँदाहुँदै पनि भेडापालन व्यवसायले पर्याप्त प्राथमिकता पाउन नसकिरहेको अवस्था छ। नेपालमा ३ प्रतिशत घर परिवार मात्र यस व्यवसायमा संलग्न छन्। देशको उच्च पहाडी क्षेत्र तथा पर्वतीय क्षेत्रमा भेडाहरु भारी बोक्ने कार्यमा समेत प्रयोग हुँदै आएको छ। कुल भेडा संख्याको ३५ प्रतिशत भेडालाई भारी बोक्न प्रयोगमा ल्याइन्छ।

अन्य पशुपन्छीको तुलनामा भेडाको संख्या न्यून अर्थात् करिब ८ लाख मात्र छ। देशको करिब ८३ प्रतिशत भूभाग पहाड तथा हिमाली भूभागमा पर्ने हुँदा भेडापालन व्यवसायीलाई विकास तथा विस्तार गर्न प्रशस्त सम्भावना रहेको छ। त्यस्तै २३ प्रतिशत क्षेत्रफल खर्कले ओगटेको हुनाले पनि भेडा पालनको सम्भावना बढेको पाइन्छ।

नेपालको गलैंचा युरोपियन र अमेरिकी देशहरुमा प्रसिद्ध छ। नेपालमा बार्षिक ४२ करोड २६ लाख बराबर ऊन आयत हुन्छ भने ५ अरब ३५ करोड बराबरको १२ लाख ८६ हजार वर्गमिटरको कार्पेट गलैंचा निर्यात हुने गर्छ। नेपालबाट बार्षिक निर्यात हुने लाखौं वर्गमिटर गलैंचा उत्पादनको लागि कच्चा ऊनको माग रहेको छ। आवश्यकता अनुसार नेपालमा ऊन उत्पादन हुन नसक्नु, उत्पादित ऊनको पनि बजारीकरण हुन नसक्नु र ऊनको गुणस्तर नभएकाले गलैंचा उत्पादनको लागि विदेशी ऊनमा भर पर्नु परेको छ। गलैंचा उत्पादनको लागि न्युजिल्याण्ड तथा चीनको तिब्बतबाट ऊन आयात गर्दै आएको छ।

## ४. भेडा विकासका समस्या तथा चुनौतीहरु

### क. नीतिगत समस्या

- पशुसेवा विभाग र वन विभाग बीचमा चरनको प्रयोग सम्बन्धी नीतिगत समस्या।
- नीति निर्माता, भेडापालक कृषक, ऊन उद्यमीबीच समन्वयको कमी।
- तिब्बतको चरन खर्कमा चरिचरन गराउन सम्झौता भए तापनि कार्यान्वयन नभएको अवस्था।

### ख. चरन समस्या

- उच्च पहाडी क्षेत्रको चरन तथा खर्कको उत्पादन ह्रास हुनु।

- पशु आहाराको कमीले गर्दा पशुहरुले घाँसको जरासमेत खाइदिनाले बहुबर्षीय घाँस एकै ठाउँमा प्रत्येक बर्ष छर्नु पर्ने।
- हिउँदमा आहाराको कमी हुनु ।
- व्यवस्थित रुपमा चरन नहुनाले बर्षायाममा अति चरिचरन हुनु।
- चरनमा बिषालु घाँस खाएर भेडाहरु मर्नु।
- चरनमा गोरेटो बाटो नहुनु।
- चरनमा खानेपानीको समस्या।

**भेडापालनको महत्व**

भौगोलिक एवं सांस्कृतिक विविधता, बहुजातीय समाज र कृषिमा आश्रित जनसंख्या भएको नेपालजस्तो देशमा भेडापालन व्यवसाय ज्यादै महत्वपूर्ण छ। विशेष गरी उच्च पहाडी तथा हिमाली भूभागको लागि भेडापालन व्यवसाय एक लोकप्रिय एवं फाइदामूलक व्यवसाय हो। भेडापालन व्यवसाय हुने फाइदाहरु यसप्रकार छन्-

**क. ऊन उत्पादन**

ऊन उत्पादन भेडाबाट प्राप्त हुने महत्वपूर्ण आर्थिक लाभ हो। स्थानीय भेडाबाट बार्षिक ०.५ देखि १ केजी र उन्नत भेडाबाट करिब ५ केजी ऊन उत्पादन हुने गर्दछ। ऊनबाट राडीपाखी, बख्खु गलैंचा आदि बनाई राम्रो आम्दानी लिन सकिन्छ। नेपालमा कार्पेट उद्योगको आधार नै भेडाको ऊन हो। महिलाहरुले घरमै बसेर ऊनको धागो कातेर कार्पेट उद्योगलाई धागो बेच्न सक्ने भएकाले ग्रामीण क्षेत्रमा उपयुक्त रोजगारी सृजना हुन गई आयआर्जनमा सहयोग पुग्छ।

**ख. मासु उत्पादन**

भेडाको मासु सबै जातजाति तथा धर्मावलम्वीले मन पराएर खाने भएकाले बिक्रीमा कुनै समस्या छैन। बाख्राको मासुको तुलनामा भेडाको मासुमा बढी क्यालोरी पाइन्छ।

**ग. भारी बोक्ने**

देशको उच्च पहाड तथा पर्वतीय क्षेत्रमा समेत भेडाहरु भारी बोक्ने कार्यमा समेत प्रयोग हुन्छन्। व्यवस्थापन सजिलो भएकाले गधा, खच्चडभन्दा उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी बोक्न भेडाबाख्रा नै मन पराइन्छ। कर्णाली क्षेत्रमा भेडाबाख्रालाई कर्णाली ट्रक भन्ने चलन छ। भेडाको शारीरिक तौलको करिब ३० प्रतिशत बराबरको भारी बोक्ने क्षमता हुन्छ।

**घ. चरन क्षेत्रको उर्वराशक्तिमा वृद्धि**

घुम्ती चरनमा भेडाको मलले बिरुवाको वृद्धि तथा विकासको लागि अति नै राम्रो योगदान पु¥याएको हुन्छ। त्यस्तै खेतीको लागि भेडाको मल निकै उर्वर मानिन्छ।

**ङ. धार्मिक तथा सामाजिक महत्व**

कतिपय समुदायले पूजा कार्यमा भेडा चढाउने र चाडपर्वमा खसीभन्दा भेडाको मासु खाने गर्दछन्।

**च. गरिबी न्यूनीकरण**

न्यून आय आयस्तर हुने परिवारले बाख्राको साथसाथै भेडापालन गर्न सक्ने भएकाले गरिबी न्यूनीकरणमा यस व्यवसायले योगदान पु¥याउन सक्दछ। बाख्राको जस्तै छोटो जन्मान्तर भएकाले भेडापालनबाट छोटो समयमा राम्रो आम्दानी लिन सकिन्छ।

**छ. झारपात नियन्त्रण**

अरु जनावरको तुलनामा भेडाहरुले धेरै प्रकारको घाँसपात खाने भएकाले भेडापालनबाट झारपात नियन्त्रणमा सहयोग पुग्दछ।

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔँ ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौँ ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौँ, आफ्नो घर आँगन सफा राखौँ र फोहरको उचित व्यवस्थापन गरौँ ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौँ ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔँ ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔँ, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔँ ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौँ ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौँ र गराऔँ ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौँ ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔँ ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौँ ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौँ ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौँ ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौँ ।
- प्लास्टिक जथाभावी नफालौँ, प्लास्टिकको न्यून प्रयोग गरौँ, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौँ ।